आज मिति २०८०।०२।२४ गते बुधबारका दिन बिहान ७:०० बजे अन्नपूर्ण गाउँपालिका म्याग्दीको गाउँ कार्यपालिकाको आ.व. २०७९/८० को २२ औं बैठक तपसिलको उपस्थितिमा गाँउपालिका अध्यक्ष श्री भारत कुमार पुनको अध्यक्षतामा सम्पन्न भयो ।

उपस्थिति

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| भारत कुमार पुन | अध्यक्ष | |
| दिवा कुमारी तिलिजा पुन | उपाध्यक्ष | |
| दिलिप कुमार गर्बुजा | सदस्य ( वडा नं. १ अध्यक्ष) | |
| ओम प्रसाद फगामी | सदस्य( वडा नं. २ अध्यक्ष) | |
| रमेश पुर्जा | सदस्य( वडा नं. ३ अध्यक्ष) | |
| लोक बहादुर फगामी | सदस्य( वडा नं. ४ अध्यक्ष) | |
| राजेश तिलिजा पुन | सदस्य( वडा नं. ५ अध्यक्ष) | |
| राम बहादुर खड्का | सदस्य( वडा नं. ६ अध्यक्ष) | |
| मइलन पुर्जा पुन | सदस्य( वडा नं. ७ अध्यक्ष) | |
| खम बहादुर गर्बुजा पुन | सदस्य( वडा नं. ८ अध्यक्ष) | |
| देव कुमारी पुन | सदस्य | |
| गेम माया पुन | सदस्य | |
| आशा गुरुङ्ग | सदस्य | |
| विष्णु कुमारी गर्बुजा | सदस्य | |
| विर बहादुर पौडेल | सदस्य | |
| मिठ्ठु वि.क | सदस्य | |
| अमृत सुवेदी | सदस्य -सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |
| प्रेम पराजुली | आमन्त्रित (लेखापाल) | |

अन्य उपस्थिति:

१) रमेश थापा, स्व.प्र.अ.

अन्नपूर्ण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पोखरेबगर म्याग्दी

गण्डकी प्रदेश, नेपाल ।

कार्यपालिका बैठक मिति : २०८०।०२।२४ गते

समय : विहान ७:०० बजे

कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्वीकृत मिति : २०८०।०२।१९ गते

**छलफलका एजेण्डाहरु:**

प्रस्ताव नं. १ पूर्व निर्णयको समीक्षा सम्बन्धमा,
प्रस्ताव न. २ बर्खे कागती सुन्तलाको विरुवा खरिद सम्बन्धमा,
प्रस्ताव नं ३ अन्नपूर्ण बेसक्याम्पको सम्बन्धमा,
प्रस्ताव नं. ४ आयोजना निर्माण सामग्रीहरुको रकम भुक्तानी सम्बन्धमा,
प्रस्ताव नं ५: राजश्व परामर्श समितिको प्रतिवेदन सम्बन्धमा
प्रस्ताव न. ६ बजेट सिलिङ् निर्धारण सम्बन्धमा ।
प्रस्ताव नं ७ आगामी आ.व.को नीति तथा कार्यक्रम, योजना र गाउँसभा अधिवेशन सम्बन्धमा।

निर्णय नं. १

प्रस्ताव नं. १ उपर छलफल गर्दा गाउँ कार्यपालिकाबाट भएका पूर्व निर्णयहरुको समीक्षा गर्दा अधिकांश निर्णयहरु कार्यन्वयनको चरणमा रहेको पाइयो । आयोजनाहरुको शिघ्र कार्यन्वयन गरी भुक्तानीको लागि सहजीकरण गर्नुपर्ने देखियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ उपर छलफल गर्दा कृषि शाखा मार्फत कार्यन्वयन हुने बर्खे कागती सुन्तलाको विरुवा खरिद कार्यक्रममा आवश्यक पर्ने सबै विरुवाहरु अन्नपूर्ण गाँउपालिका क्षेत्रभित्रबाट नै खरिद गर्ने ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ उपर छलफल गर्दा अन्नपूर्ण हिमाल प्रथम ( ८०८१ मिटर) हाम्रो गाउँपालिकाको वडा न. ४ नारच्याङमा पर्ने तथा सोही हिमालको आधार शिविर पनि अन्नपूर्ण गाउँपालिकाकै वडा नं ४ नारच्याङमा रहेको छ तर हिमालबाट प्राप्त हुने रोयल्टीको प्रमुख हिस्सा अन्नपूर्ण गाउँपालिका कास्कीलाई प्राप्त भएको देखिन्छ । सन् १९५० मा मौरीस हर्जोगले अन्नपूर्ण हिमालको आरोहण गर्ने क्रममा नारच्याङ्बाट नै आधारशिविर पुगी ( मौरीस हर्जोग पदमार्ग) अन्नपूर्ण हिमालको उत्तरी मोहडाबाट सफलता पुर्वक आरोहण गरेका तथ्यलाई समेत दृष्टिगत गरी यस हिमालबाट प्राप्त हुने रोयल्टीको प्रमुख हिस्सा यस गाउँपालिकाले प्राप्त व्यवस्था गरिदिन राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा अनुरोध गर्ने ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ उपर छलफल गर्दा आयोजना निर्माणका लागि कालिगण्डकी नदी बाहेक अन्य नदीबाट संकलन भई पेश हुन आएका निर्माण सामग्रीहरुको सबै आयोजनाहरुको भुक्तानी दिई फछ्यौंट गर्ने ।

निर्णय नं. ५ :

प्रस्ताव नं ५ उपर छलफल गर्दा तपसिल बमोजिमको राजश्व प्राप्त हुने गरी पेश भएको राजश्व स्रोत र करका दरहरु उल्लिखित राजश्व परामर्श समितिको मिति २०८०।०१।२० गतेको प्रतिवेदन स्वीकृत गर्ने ।

| शिर्षक | आ.व.२०८०/८१ |
|---|---|
| आन्तरिक राजश्व | |
| सम्पत्ती कर | ३००००० |
| घर बहाल कर | ३००००० |
| दस्तुर(स्थानीय तहबाट हुने सिफारिस लगायतका) | १५००००० |
| बिज्ञापन शुल्क | १०००० |
| ब्यवसाय दर्ता एवं नविकरण | १५०००० |
| भूमिकर(मालपोत) | ६००००० |
| दण्ड जरिवाना | ५००० |
| मेला सन्चालन अनुमति शुल्क | १००००० |
| बहाल बिटौरी कर | ३००००० |
| ढुँगा गिटी बालुवा दहत्तर बहत्तर संकलन | १०००००० |
| पर्यटकीय क्षेत्र घोरेपानी, पुनहिल, तातोपानी कुण्ड, रातोपानी कुण्ड, सेकार्कु कुण्ड, पाउद्वार तातोपानी कुण्ड खयर बराह, अन्ध गल्छी, महरे, महभिर, रुप्से, फुलबारी, नागी, टिकोट, ढाँड खर्क, बयेली लगायतका सम्भावित क्षेत्रबाट राजस्वको संकलन | १०१००००० |
| पुङ्दीखोला को पानी उपयोग वापत शुल्क | २००००० |
| घर जग्गा रजिष्ट्रेसन दस्तुर | १४५००० |
| कुल जम्मा | १,४७,१०,०००।<br>एक करोड सत्चालिस लाख दस हजार मात्र। |

निर्णय नं. ६

प्रस्ताव नं. ६ उपर छलफल गर्दा स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको मिति २०८०।०२।२३ को तपसिल बमोजिमको स्रोत अनुमान निर्णय स्वीकृत गर्ने ।

क) स्रोत अनुमान

| क सं | स्रोत विवरण | रकम रु | |
|---|---|---|---|
| | संघीय वित्तीय हस्तान्तरण | | |
| १ | समानीकरण अनुदान | | |
| | न्यूनतम अनुदान | ३००००००० | |
| | सूत्रमा आधारित अनुदान | ४०१००००० | |
| | कार्यसम्पादनमा आधारित अनुदान | ५२००००० | |
| | जम्मा | | ७५३००००० |
| २ | राजश्व बाँडफाँटबाट प्राप्त हुने आय | | ८३३८०६०० |
| ३ | सशर्त अनुदान | | |
| | चालु | २१६५००००० | |
| | पूँजीगत | २१०००००० | |
| | जम्मा | | २३७५००००० |
| ४ | समपूरक अनुदान | | |
| | तातोपानी कुण्डमा पूर्वाधार निर्माण | ५०००००० | |
| | सेकार्कू कुण्डमा पूर्वाधार निर्माण | ५०००००० | |
| | जम्मा | | १००००००० |
| ५ | विशेष अनुदान | | |
| | प्रभा मा वि | ५०००००० | |
| | पाउद्वार मा वि | ११५००००० | |
| | रुप्से झरनामा पूर्वाधार निर्माण | ९०००००० | |
| | जम्मा | | २५५००००० |
| | गण्डकी प्रदेश वित्तीय हस्तान्तरण | | |
| ६ | समानीकरण अनुदान | | ८७६२००० |
| ७ | सवारी साधन कर बाँडफाँटबाट प्राप्त हुने आय | | ७७८५००० |
| ८ | समपूरक अनुदान | | ५०००००० |

| | | | |
|---|---|---|---|
| ९ | सशर्त विशेष अनुदान | | ५०००००० |
| आन्तरिक आम्दानी | | | |
| ११ | बैंक मौज्दात अल्या गर्न सकिने | | ६२५०६००० |
| १३ | आन्तरिक राजश्व | | १४७१०००० |
| | जम्मा | | ५३५४४३६०० |

**ख) बजेट सीमा निर्धारण :**

सामाजिक विकास समिति — रु २१,३८,२१,५००/-

आर्थिक विकास समिति — रु २,५७,००,०००/-

पूर्वाधार विकास समिति — रु १५,८५,९९,०००/-

वन वातावरण तथा विपद् व्यवस्थापन समिति — ४,००,०००/-

संस्थागत क्षमता विकास तथा सुशासन समिति — ११,९२,३८,१००/-

विधेयक समिति — कानुन प्रबोधीकरण तथा तालिमका लागि आवश्यक बजेट

विषयगत समितिले बजेट तथा कार्यक्रम तय गर्दा वडाहरुबाट प्राथिमिकीकरण भई आएका आयोजना तथा कार्यक्रमहरुबाट जनसंख्या, भुगोल, राजश्व संकलन गर्ने क्षमता समेतलाई आधार बनाई न्यूनतम रुपमा वडा नं १ मा ५८ लाख, वडा नं २ मा ५८ लाख, वडा नं ३ मा ६३ लाख वडा नं ४ मा ६३ लाख, वडा नं ५ मा ६८ लाख वडा नं ६ मा ६८ लाख, वडा न७ मा ६३ लाख र वडा नं ८ मा ६३ लाख हुने गरी तय गर्नुपर्नेछ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ उपर छलफल गर्दा आगामी आ.वं.को नीति तथा कार्यक्रम र योजना तर्जुमा साथै तपसिलका विषयहरुमा छलफलका लागि २०८०।०३।८ गतेदेखि गाउँसभा अधिवेशन प्रारम्भ गर्ने ।

तपसिल :

१. आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम

२. आ.व. २०८०/८१ को बजेट बक्तव्य

३. आ.व. २०८०/८१ को विनियोजन विधेयक

४. आ.व. २०८०/८१ को आर्थिक विधेयक

५. न्यायिक समितिको बार्षिक प्रतिवेदन

६. अनुगमन समितिको बार्षिक प्रतिवेदन

७. विपद व्यवस्थापन समितिको प्रतिवेदन

८. समितिको कार्यविधि तर्जुमा, समिति गठन र प्रतिवेदन उपर छलफल

९. हालसम्मको खर्च अनुमोदन

१०. हालसम्मका निर्णहरु अनुमोदन

११. वडा नं ७ को निशुल्क जग्गा प्राप्ति तथा वडाको केन्द्र निर्धारण

१२. वडा विभाजन, वडाको केन्द्र तोक्ने सम्बन्ध गर्ने सम्बन्धमा

१३. प्रशासकीय भवनका लागि जग्गा प्राप्ति सम्बन्धमा ।

१४. तपसिलका ऐनहरु तथा कार्यविधिहरु पारित/संसोधन गर्ने ।

- लेखा समितिको गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०८०
- सुशासन समितिको गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०८०
- विधायन समितिको गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०८०
- अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसञ्चालन कार्यविधि, २०८०
- प्रशासकीय कार्यविधि नियमित गर्ने विधेयक, २०८०
- राजश्व परामर्श समितिको कार्यसंचालन कार्यविधि
- बजेट तथा कार्यक्रम तर्जुमा समितिको कार्यसञ्चालन कार्यविधि
- आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधेयक २०७५ को दफा ३१ मा संसोधन
- न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन,२०७५ को दफा ५८ मा संसोधन